बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष २ अंक ५ मंसिर २०८२

पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८२/८३ को मंसिर मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

नेपाली बीमा बजार

आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा बीमा क्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

१. बीमालेख संख्या

सूचक	२०८१ मंसिर मसान्तसम्ममा	२०८२ मंसिर मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमालेख संख्या (*म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक*)	५५,१३,३४०	५८,९७,७०२	६.९७
म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या	६०,१४,१४७	७८,४९,५३२	३०.५२
वैदेशिक रोजगार बीमालेख संख्या	२३,११,३९०	२४,२०,६२०	४.७३
कुल सक्रिय जीवन बीमालेख संख्या	**१,३८,३८,८७७**	**१,६१,६७,८५४**	**१६.८३**
कुल जारी जीवन बीमालेख संख्या	**२२,५२,६३७**	**२९,८९,३८५**	**३२.७१**
कुल जारी निर्जीवन बीमालेख संख्या	**१२,७०,६५७**	**१३,४१,७०७**	**५.५९**

चालु आ.व २०८२/८३ को मंसिर मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट २९ लाख ८९ हजार ३८५ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा १३ लाख ४१ हजार ७०७ वटा बीमालेख जारी भएका छन् । साथै, यस आ.व.को मंसिर मसान्तसम्ममा १ करोड ६१ लाख ६७ हजार ८५४ वटा सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को मंसिर मसान्तको तुलनामा १६.८३ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

२. बीमाशुल्क संकलन

रकम रु. लाखमा

सूचक	२०८१ मंसिर मसान्तसम्ममा	२०८२ मंसिर मसान्तसम्ममा	परिवर्तन %
प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा	१,४०,६२०.७५	१,८८,१०५.२१	३३.७७
नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा	५,२०,८३२.५७	५,९९,६५३.७६	१५.१३
कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा	**६,६१,४५३.३२**	**७,८७,७५८.९७**	**१९.१०**
कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा	**१,७५,१६६.३५**	**१,९९,८५६.९८**	**१४.१०**
जम्मा बीमाशुल्क संकलन रु. लाखमा	**८,३६,६१९.६७**	**९,८७,६१५.९५**	**१८.०५**

चालु आ.व २०८२/८३ को मंसिर मसान्तसम्ममा रु. ९८ अर्ब ७६ करोड १६ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को मंसिर मसान्तको तुलनामा १८.०५ प्रतिशत वृद्धि हो । त्यसैगरी, गत आ.व. को मंसिर मसान्तको तुलनामा चालु आ.व को मंसिर मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १९.१० प्रतिशतले बृद्धि भई रु. ७८ अर्ब ७७ करोड ५९ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ १४.१० प्रतिशतले बृद्धि भई रु. १९ अर्ब ९८ करोड ५७ लाख बीमाशुल्क संकलन भएको छ ।

३. बीमा दाबी भुक्तानी विवरण

रकम रु. लाखमा

सूचक	२०८१ मंसिर मसान्तसम्ममा	२०८२ मंसिर मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा दाबी भुक्तानी संख्या	८६,३०७	९०,४१४	४.७६
जीवन बीमा दाबी भुक्तानी रकम	१,७२,७८७.१३	१,८४,२२६.५०	६.६२
भुक्तानी हुन बाँकी दाबी संख्या *(जीवन)*	५१,५०२	५८,६४६	१३.८७
भुक्तानी हुन बाँकी दाबी रकम *(जीवन)*	३७,५००.४१	५०,९४९.२६	३५.८६
निर्जीवन बीमा दाबी भुक्तानी संख्या	५२,१४५	५६,२४०	७.८५
निर्जीवन बीमा दाबी भुक्तानी रकम	७७,४७५.७१	१,०४,१४१.३६	३४.४२
भुक्तानी हुन बाँकी दाबी संख्या *(निर्जीवन)*	१,०९,२४८	१,०९,९००	०.६०
भुक्तानी हुन बाँकी दावी रकम *(निर्जीवन)*	३,५१,६७०.४५	४,९७,९७९.६०	४१.६०

चालु आ.व २०८२/८३ को मंसिर मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या ९० हजार ४१४ रहेको छ जस अन्तर्गत रु. १८ अर्ब ४२ करोड २७ लाख भुक्तानी भएको छ। गत आ.व.को मंसिर मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा ४.७६ प्रतिशत र ६.६२ प्रतिशत वृद्धि भएको देखिन्छ। साथै, ५८ हजार ६४६ वटा दाबी अन्तर्गतको रु. ५ अर्ब ९ करोड ४९ लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८२/८३ को मंसिर मसान्तसम्ममा कुल ५६ हजार २४० वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु १० अर्ब ४१ करोड ४१ लाख भुक्तानी भएको छ भने, १ लाख ०९ हजार ९०० वटा दाबी संख्या अन्तर्गत कुल रु ४९ अर्ब ७९ करोड ८० लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को मंसिर मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा ७.८५ प्रतिशतले वृद्धि भएको छ भने दाबी रकममा ३४.४२ प्रतिशत वृद्धि भएको देखिन्छ।

४. जीवन बीमाको पहुँच

सूचक	२०८१ मंसिर मसान्तसम्ममा	२०८२ मंसिर मसान्तसम्ममा
बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)*	१६.९९	१८.०१
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)*	३५.५२	४१.९८
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)*	**४३.०२**	**४९.७६**

१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा चालु आ.व को मंसिर मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ४९.७६ प्रतिशत जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ५०.२४% जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ।

५. समर्पण तथा व्यतित विवरण

रकम रु. लाखमा

सूचक	२०८१ मंसिर मसान्तसम्ममा	२०८२ मंसिर मसान्तसम्ममा	परिवर्तन %
समर्पण संख्या	४५,०६०	३७,१४९	(१७.५६)
समर्पण रकम	६१,०७२.४२	५६,९२१.०५	(६.८०)
व्यतित बीमालेखको संख्या	१२,१४,५००	१२,२०,४१५	०.४९

व्यतित बीमालेखको रकम	३,५४,१९६.४१	३,६९,८३७.०२	४.४२

चालु आ.व २०८२/८३ को मंसिर मसान्तसम्ममा ३७ हजार १४९ वटा जीवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु ५ अर्ब ६९ करोड २१ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १२ लाख २० हजार ४१५ बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३६ अर्ब ९८ करोड ३७ लाख रहेको छ।

६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

सूचक	२०८१ मंसिर मसान्तसम्ममा	२०८२ मंसिर मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,८३०	१,८५०	१.०९
निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,१६१	१,१६०	(०.०९)
बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या	**२,९९१**	**३,०१०**	**०.६४**
जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,८८२	६,०८२	३.४०
निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,९३६	६,२५७	५.४१
बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या	**११,८१८**	**१२,३३९**	**४.४१**

चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८५० र निर्जीवन बीमातर्फ १ हजार १६० गरी जम्मा शाखा संख्या ३ हजार १० पुगेको छ भने जीवन बीमातर्फ ६ हजार ८२ र निर्जीवन बीमातर्फ ६ हजार २५७ गरी कुल १२ हजार ३३९ जना कर्मचारी कार्यरत छन्।

७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

सूचक	२०८१ मंसिर मसान्तसम्ममा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८२ मंसिर मसान्तसम्ममा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	१,१६,४५८	५.१७	१,१५,६८३	३.८७	(०.६७)
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	१३,९९९	०.६२	१६,८३४	०.५६	**२०.२५**
रुपान्तरित सावधिक जीवन बीमा	१८,२३२	०.८१	२०,७६८	०.६९	**१३.९१**
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	३९,४६२	१.७५	४५,४२०	१.५२	**१५.१०**

वैदेशिक रोजगार म्यादी	३,२६,०००	१४.४७	३,३८,३१४	११.३२	**३.७८**
आजीवन जीवन बीमा	२,२३१	०.१०	२,०१४	०.०७	**(९.७३)**
एकल बीमाशुल्क जीवन बीमा	८,२२५	०.३७	६,०००	०.२०	**(२७.०५)**
म्यादी जीवन बीमा	३,६७,९३२	१६.३३	४,०५,०५४	१३.५५	**१०.०९**
लघु जीवन बीमा	१३,५५,९८९	६०.२०	२०,३६,०९५	६८.११	**५०.१६**
अन्य जीवन बीमा	४,१०९	०.१८	३,२०३	०.११	**(२२.०५)**
जम्मा	२२,५२,६३७	१००.००	२९,८९,३८५	१००.००	**३२.७१**

चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ६८.११ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन जीवन बीमालेखको ०.०७ प्रतिशत रहेको छ। गत आ.व.को मंसिर मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा ३२.७१ प्रतिशतले वृद्धि भएको छ।

८. सक्रिय जीवन बीमालेख संख्या

जीवन बीमालेख	२०८१ मंसिर मसान्तसम्ममा (१)	सक्रिय बीमालेख को हिस्सा प्रतिशत	२०८२ मंसिर मसान्तसम्ममा (२)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	२०,४१,६३८	१४.७५	२१,७८,४७७	१३.४७	**६.७०**
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	४,५१,२४५	३.२६	४,५७,५४५	२.८३	**१.४०**
रुपान्तरित सावधिक जीवन बीमा	५,३६,३१७	३.८८	५,९६,५०२	३.६९	**११.२२**
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	१०,१३,१४८	७.३२	१०,८१,३२२	६.६९	**६.७३**
वैदेशिक रोजगार म्यादि जीवन बीमा	२३,११,३९०	१६.७०	२४,२०,६२०	१४.९७	**४.७३**
आजिवन जीवन बीमा	१,७९,७४०	१.३०	१,७०,५७०	१.०५	**(५.१०)**
एकल बीमाशुल्क जीवन बीमा	८३,४२०	०.६०	१,०७,५५४	०.६७	**२८.९३**
म्यादि जीवन बीमा	३२,६६,९४२	२३.६१	३३,६९,२२९	२०.८४	**३.१३**
लघु जीवन बीमा	३८,३१,३१२	२७.६९	५६,६२,८५६	३५.०३	**४७.८०**
अन्य जीवन बीमा	१,२३,७२५	०.८९	१,२३,१७९	०.७६	**(०.४४)**
जम्मा	१,३८,३८,८७७	१००.००	१,६१,६७,८५४	१००.००	**१६.८३**

चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ३५.०३ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेखको ०.६७ प्रतिशत रहेको छ । गत आ.व. को मंसिर मसान्तसम्मको तुलनामा चालु आ.व.को मंसिर मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा १६.८३ प्रतिशत वृद्धि भएको छ ।

९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

प्रदेश	२०८१ मंसिर मसान्तसम्ममा (१)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	२०८२ मंसिर मसान्तसम्ममा (२)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१०,९१,०९३	७.८८	१८,३१,९०७	११.३३	**६७.९०**
मधेश	६,१६,३१८	४.४५	६,९३,८३४	४.२९	**१२.५८**
बागमती	९७,८२,६६२	७०.६९	१,०३,२१,०७३	६३.८४	**५.५०**
गण्डकी	५,३३,६०८	३.८६	१०,२९,४१०	६.३७	**९२.९२**
लुम्बिनी	१०,२६,१९८	७.४२	११,१८,५०७	६.९२	**९.००**
कर्णाली	२,५५,८३१	१.८५	५,८५,४६२	३.६२	**१२८.८५**
सुदुरपश्चिम	५,३३,१६७	३.८५	५,८७,६६१	३.६३	**१०.२२**
जम्मा	१,३८,३८,८७७	१००.००	१,६१,६७,८५४	१००.००	**१६.८३**

चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी सक्रिय बीमालेखको हिस्सा बागमती प्रदेशमा ६३.८४ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ३.६२ प्रतिशत रहेको छ ।

१०. जारी निर्जीवन बीमालेख संख्या

निर्जीवन बीमालेख	२०८१ मंसिर मसान्तसम्ममा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८२ मंसिर मसान्तसम्ममा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति बीमा	१,९७,५५०	१५.५४	१,९०,५६२	१४.२०	**(३.५४)**
सामुन्द्रिक बीमा	१,५५,८१७	१२.२६	१,६५,७२३	१२.३५	**६.३६**
हवाई बीमा	४९	०.००४	१०२	०.००८	**१०८.१६**
मोटर बीमा	६,३७,९६३	५०.२०	६,६३,१०२	४९.४२	**३.९४**

इन्जि. तथा ठे. जो. बीमा	७,६६१	०.६०	७,८०८	०.५८	**१.९२**
विविध बीमा	६५,६७८	५.१७	६४,३९७	४.८०	**(१.९५)**
कृषि तथा बाली बीमा	६८,२७०	५.३७	६७,५१९	५.०३	**(१.१०)**
लघु बीमा	१,३७,९७४	१०.८६	१,८२,४९४	१३.६०	**३२.२७**
जम्मा	१२,७०,९६२	१००.००	१३,४१,७०७	१००.००	**५.५७**

चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४९.४२ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.००८ प्रतिशत रहेको छ । गत आ.व. को मंसिर मसान्तसम्मको तुलनामा चालु आ.व.को सोही समयमा कुल जारी बीमालेख संख्या ५.५७ प्रतिशतले वृद्धि भएको छ

११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

प्रदेश	२०८१ मंसिर मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८२ मंसिर मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१,५३,३७६	१२.०७	१,६२,३०९	१२.१०	**५.८२**
मधेश	१,३०,८७०	१०.३०	१,३१,८७३	९.८३	**०.७७**
बागमती	५,६१,९७५	४४.२२	६,१३,१६५	४५.७०	**९.११**
गण्डकी	१,२६,३७४	९.९४	१,२५,८७७	९.३८	(०.३९)
लुम्बिनी	२,१०,४३१	१६.५६	२,१८,१८२	१६.२६	**३.६८**
कर्णाली	२१,११०	१.६६	२३,३४०	१.७४	**१०.५६**
सुदुरपश्चिम	६६,८२६	५.२६	६६,९६१	४.९९	**०.२०**
जम्मा	१२,७०,९६२	१००.००	१३,४१,७०७	१००.००	**५.५७**

चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४५.७० प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.७४ प्रतिशत रहेको छ ।

१२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

जीवन बीमालेख	२०८१ मंसिर मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८२ मंसिर मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	२,४२,९२८.२७	३६.७३	३,२४,३८९.७०	४१.१८	**३३.५३**
अग्रिम भुक्तानी सावधिक	१,४४,१३०.१०	२१.७९	१,४८,५१४.२४	१८.८५	**३.०४**
रुपान्तरित सावधिक	८६,२४५.२१	१३.०४	८९,७९९.७५	११.४०	**४.१२**
बालबच्चा सम्बन्धि सावधिक	१,०४,६९१.६२	१५.८३	१,२८,६४१.२३	१६.३३	**२२.८८**
वैदेशिक रोजगार म्यादी	१३,८०१.७१	२.०९	१४,४७५.३९	१.८४	**४.८८**
आजीवन	१७,६९१.५३	२.६७	१८,३१७.६२	२.३३	**३.५४**
एकल बीमाशुल्क	२३,३५८.५२	३.५३	२९,५३७.१३	३.७५	**२६.४५**
म्यादी	५,५८१.५७	०.८४	६,९९३.०५	०.८९	**२५.२९**
लघु	१०,०१९.५३	१.५१	१२,८०२.५१	१.६३	**२७.७८**
अन्य	१३,००५.२७	१.९७	१४,२८८.३७	१.८१	**९.८७**
जम्मा	६,६१,४५३	१००.००	७,८७,७५९	१००.००	**१९.१०**

चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ४१.१८ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.८९ प्रतिशत रहेको छ। गत आ.व. को मंसिर मसान्तसम्मको तुलनामा चालु आ.व.को मंसिर मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलनमा १९.१० प्रतिशतले वृद्धि भएको छ।

१३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८१ मंसिर मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८२ मंसिर मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	८२,१२८.५८	१२.४२	९३,३६६.५३	११.८५	**१३.६८**
मधेश	५९,९०५.२९	९.०६	७०,४३८.१३	८.९४	**१७.५८**

बागमती	२,८४,०३४.६१	४२.९४	३,५१,४४१.६५	४४.६१	**२३.७३**
गण्डकी	६८,८१४.७१	१०.४०	८०,०२०.८९	१०.१६	**१६.२८**
लुम्बिनी	१,०५,२१३.२७	१५.९१	१,२१,५४७.१९	१५.४३	**१५.५२**
कर्णाली	२०,०५३.१३	३.०३	२३,९५७.२१	३.०४	**१९.४७**
सुदुरपश्चिम	४१,३०३.७३	६.२४	४६,९८७.३७	५.९६	**१३.७६**
जम्मा	६,६१,४५३.३२	१००.००	७,८७,७५८.९७	१००.००	**१९.१०**

चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४४.६१ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा ३.०४ प्रतिशत रहेको छ।

१४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

निर्जीवन बीमालेख	२०८१ मंसिर मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८२ मंसिर मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति	४५,८३७.४९	२६.१७	४९,६४४.०५	२४.८४	**८.३०**
सामून्द्रिक	१०,३१३.७०	५.८९	११,७९९.४९	५.९०	**१४.४१**
हवाई	९,३०५.१६	५.३१	८,६०३.७९	४.३०	**(७.५४)**
मोटर	५६,११८.६२	३२.०४	६७,८९१.९६	३३.९७	**२०.९८**
इन्जि. तथा ठे. जो.	२३,०९८.४५	१३.१९	२९,१४६.७८	१४.५८	**२६.१९**
विविध	१९,३१८.६८	११.०३	२०,५४१.३८	१०.२८	**६.३३**
कृषि तथा बाली	७,७०३.१५	४.४०	७,१९७.४७	३.६०	**(६.५६)**
लघु	३,४७१.११	१.९८	५,०३२.०५	२.५२	**४४.९७**
जम्मा	१,७५,१६६.३५	१००.००	१,९९,८५६.९८	१००.००	**१४.१०**

चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको ३३.९७ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको २.५२ प्रतिशत रहेको छ। गत आ.व. को मंसिर मसान्तसम्मको तुलनामा चालु आ.व.को मंसिर मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १४.१० प्रतिशतले वृद्धि भएको छ।

१५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८१ मंसिर मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८२ मंसिर मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१५,१५६.०३	८.६५	१६,६०९.०२	८.३१	**९.५९**
मधेश	१२,००२.२२	६.८५	१३,१२५.३८	६.५७	**९.३६**
बागमती	१,१६,२७२.२८	६६.३८	१,३६,२५४.८३	६८.१८	**१७.१९**
गण्डकी	९,६२५.६४	५.५०	१०,०५५.९७	५.०३	**४.४७**
लुम्बिनी	१५,९९१.०८	९.१३	१७,१९९.४७	८.६१	**७.५६**
कर्णाली	१,५९४.००	०.९१	१,८६१.३२	०.९३	**१६.७७**
सुदुरपश्चिम	४,५२५.१०	२.५८	४,७५०.९८	२.३८	**४.९९**
जम्मा	१,७५,१६६.३५	१००.००	१,९९,८५६.९८	१००.००	**१४.१०**

चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६८.१८ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.९३ प्रतिशत रहेको छ।

१६. उजुरी दर्ता तथा फछ्यौंट

विवरण		आर्थिक वर्ष	
		२०८१/८२	२०८२/८३
गत वर्षको निवेदन बाँकी संख्या		२८७	**३९४**
यस वर्षको निवेदन संख्या	केन्द्रीय कार्यालयमा	१४४	४३
	प्रदेश कार्यालयमा	९१	१९
	कुल दर्ता	२३५	६२
पुनरावेदनबाट आएका मुद्दाको संख्या		३	-
जम्मा निवेदन		**५२५**	**४५६**
फैसला/सहमति भएका मुद्दा संख्या	फैसला	८५	३३
	सहमति	४६	१६
	जम्मा फछ्यौंट	१३१	४९
बाँकी संख्या		**३९४**	**४०७**

चालु आ.व. २०८२/८३ को मंसिर मसान्तसम्ममा केन्द्रीय कार्यालयमा ४३ र प्रदेश कार्यालयमा १९ गरी प्राधिकरणमा कुल दर्ता भएका ६२ वटा उजुरी, गत वर्षको बाँकी ३९४ वटा निवेदन गरी कुल ४५६ वटा उजुरी निवेदन प्राप्त भएको छ जसमध्ये ३३ वटा उजुरी मुद्दा फैसलाबाट र १६ वटा उजुरी सहमतीबाट गरी कुल ४९ वटा उजुरी फछ्र्यौट भएका छन् भने ४०७ वटा उजुरी विचाराधिन अवस्थामानै रहेको छ।

तयार:

अनुसन्धान महाशाखा

नेपाल बीमा प्राधिकरण